स्थानीय 'ख' वर्गको

# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ९, अंक २९, २०७९ फागुन १६ मंगलवार (Jhuleni Post Weekly 28 Feb. 2023) पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय :
प्यूठान न.पा.-४, विजुवार

Email :
jhulenipyuthan@gmail.com


## नेकपा (एमाले)ले सरकार छोड्यो

झुलेनी पोष्ट,
प्यूठान



तिन दिनअघि फागुन १३ गते नेकपा (एमाले) को सचिवालय बैठक बसेको थियो । दिउँसो राष्ट्रपति उम्मेदवारको मनोनयन गर्नुपर्ने भएकाले उम्मेदवार टुंग्याउन बसेको उक्त बैठकले अर्को पनि निर्णय तत्काल सरकार नछोड्ने गरेको थियो । सरकारको नेतृत्व गरिरहेको नेकपा (माओवादी केन्द्र) सहित ८ दलले अघिल्लो दिन नै राष्ट्रपतिमा नेपाली कांग्रेसका उम्मेदवारलाई समर्थन गर्ने निर्णय गरिसकेका थिए।

शनिबार उपाध्यक्ष सुवास नेम्वाङलाई राष्ट्रपति उम्मेदवार बनाएपछि पनि एमाले अध्यक्ष केपी शर्मा ओलीले पुस १० को सहमति कायम रहेको र त्यसै अनुसार नेम्वाङ उम्मेदवार बनेको बताए। एमालेका अरू नेताहरू पनि कम्तीमा पनि फागुन २५ सम्म आफूहरू सरकारमा रहने बताइरहेका थिए। आइतबार एमाले उपमहासचिव बिष्णु रिमालले हामीले सरकार छोड्न कि त प्रधानमन्त्रीले निस्क भन्नुपर्‍यो कि त पुस १० गतेको सहमति टुंगियो भन्नुपर्‍यो भनेका थिए । शनिबारको सचिवालयको बैठक बसेर सरकार नछाड्ने निर्णय गरेको एमालेले ४८ घन्टामै सोमबार फेरि बसेको सचिवालय बैठक बसेर प्रचण्ड सरकारबाट बाहिरिने निर्णय गरेको हो । एमालेले सरकारबाट बाहिरिने निर्णयसँगै प्रधानमन्त्री प्रचण्डलाई दिएको समर्थन पनि फिर्ता लिएको छ। सोमबार बसेको सचिवालय बैठकपछि एमाले उपाध्यक्ष बिष्णु पौडेलले प्रधानमन्त्री प्रचण्डले सरकारबाट बर्खास्त गर्ने वा बिना विभागीय मन्त्री बनाउने जस्ता अभिव्यक्ति दिएकाले पनि यस्तो निर्णयमा पुगेको बताए। पुस १० को सहमतिपछि उपाध्यक्ष पौडेलको नेतृत्वमा एमाले सरकारमा गएको थियो।

**एमाले मन्त्रीले बुझाए राजीनामा**

नेकपा एमालेका मन्त्रीहरूले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' समक्ष सामुहिक राजीनामा बुझाएका छन्। सोमबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार पुगेर उपप्रधान एवम् अर्थमन्त्री विष्णु पौडेलसहित आठैजनाले मन्त्रीले राजीनामा पत्र बुझाएका हुन्। एमालेको सोमवार बिहान बसेको सचिवालय बैठकले प्रचण्ड नेतृत्वको सरकारबाट बाहिरिने निर्णय गर्दै समर्थनसमेत फिर्ता लिने निर्णय गरेको थियो।

## सुक्दै छन् ग्रामिण क्षेत्रका मुल



खानेपानी तथा सरसफाई डिभिजन कार्यालय पुण्यखोला प्यूठानमा थुपारिएका खानेपानीका पाइप र गौमुखी-४, पुजा डाँडाकटेरी ठुलाचौर बस्तिका स्थानीय पानी भर्न पालो पर्खदै ।

झुलेनी नेटवर्क
प्यूठान

खानेपानीको समस्या समाधान गर्न बर्सेनी करोडौं रुपैया खर्च भएपनि पानीका मुहान सुक्दै गएकाले जिल्लाको ग्रामीण क्षेत्रमा खानेपानीको समस्या थपिदै गएको छ। ग्रामीण क्षेत्रमा सडक निर्माण गर्दा जथाभावि डोजर, एक्साभेटर लगायत मेसिनरी औजार अत्याधिक प्रयोगका कारण पानीका मुहान सुक्दै गएका हुन् । खानेपानीका मुहानलाई नोक्सान हुनेगरि सडक निर्माण गर्दा जिल्लामा खानेपानीको समस्या बद्दै गएको खानेपानी तथा सरसफाई डीभिजन कार्यालय प्यूठानका प्राविधिक शाखा प्रमुख खगेन्द्र खत्रीले बताए।

जिल्लामा हालसम्म निर्माण भएका बिभिन्न योजना मार्फत ८५ प्रतिशत जनताले आधारभूत खानेपानीको उपभोग गरेको तथ्यांक कार्यालयमा छ । बर्षौ पहिले देखिको यो तथ्यांक बढेको छैन । पूराना निर्माण सम्पन्न भएका योजनाहरुमा पानीको स्रोत सुकेको कारण खानेपानीको समस्या पूर्ण रुपमा समाधान गर्न नसकिएको कार्यालयको भनाइ छ । जिल्लामा संघिय र प्रदेश सघन खानेपानी योजना अन्तर्गत कार्यलयमा बजेट आउने गरेको छ ।

नयाँ र पूराना योजनाहरुको मर्मत गर्न बार्षिक झण्डै ३० देखि ३५ करोडको हाराहारीमा बजेट खर्च हुने गरेको छ। 'पूराना योजनाहरुमा पानीमा मुहान सुक्दै गएका छन्,' खत्रीले भने, 'हामीले योजना निर्माण गर्दाको लाभान्वित तथ्यांक राखेका छौं । बिग्रेका योजनाहरुको अपडेट नियमिति छैनन् ।'

जिल्लामा दर्जनौ पूराना योजनामा पानीका मुहान सुकेका कारण पछिल्ला वर्षहरुमा लिफ्टिङ प्रविधि मार्फत योजनाहरु निर्माण भइरहेको खत्रीले बताए। 'पूराना योजनाहरुमा पानी सुकेपछि लिप्ट योजना बनाइरहेका छौ,' उनले भने, 'लिप्ट योजनाहरुमा बिद्युतको समस्या यत्तिकै छ।' लिफ्ट योजनाहरुमा विद्युत प्राधिकरण कार्यालयले बिद्युत जडान गर्न आनाकानी गरेको खानेपानी उपभोत्ता समितिमा बसेका पदाधिकारीहरु बताउछन्। खानेपानी उपभोक्ता समिति कार्यालयमा बिद्युत जडानमा समस्या भएको भन्दै गुनासो गर्न आउने गरेपनि खानेपानी र बिद्युत कार्यालयको कुरा बाँझिदा दर्जनौ योजना हरु अधुरै छन् । यसवर्ष संघ र प्रदेश मार्फत आएको बजेटले ३० वटा लिफ्ट खानेपानी योजनाहरु सम्पन्न हुने चरणमा पुगेको कार्यालयले जनाएको छ।

प्यूठानमा रहेको डिभिजनले प्यूठान र रोल्पालाई समेत हेर्ने जिम्मेवारी छ। 'कर्मचारी अभावले गर्दा काम गर्ने बातारण नै बनेको छैन्,' उनले भने, 'तैपनि काम सकेको काम गरेका छौ ।' 'क्रमागत योजनाका कारण बजेट एकैपटक आउदैन', उनले भने, 'यसले गर्दा योजनाहरु समयमै पूरा गर्न समेत समस्या हुन्छन् ।' त्यस्तो अवस्थामा कार्यालयले पाइपहरु खरिद गरेर राख्ने गरेको जनाएको छ । कार्यालयले गत आर्थिक वर्षमा ७० प्रतिशत प्रगति गरेको थियो । यस आर्थिक वर्षको हालसम्म ४५ प्रतिशत प्रगति भएको कार्यालयले जनाएको छ ।

### हाम्रो नजर

## सर्वाधिक विवाद डान्स आईडलमा



*महोत्सव संगै छुट्टै उपसमिति वनाएर सञ्चालन गरिएको प्यूठान डान्स आईडल अन्तिम समयमा विवादित भएको छ। उपसमितिको व्यवस्थापनको असक्षमताका कारण लोकप्रिय मानिएको नृत्य प्रतियोगिता डान्स आईडल निकै विवादित हुन पुग्यो । भोटिङ प्रक्रियाका कारण १३ गते विहानै देखी महोत्सवको गेटवाट सुरु भएको विवाद १४ गते प्रहरि चौकिसम्म पुग्यो । प्रतियोगि अर्जुन भण्डारीले आफ्नो प्रस्तुतिका लागि स्टेजमा पुग्न १० मिनेट ढिला गरेका कारण पुर्व जानकारीविना १० अंक कटौति गरियो । प्रतियोगि भण्डारीले आफु सुरक्षाकर्मिको कारण गेटवाट भित्र पस्न नसकेको स्पस्टिकरण दिएका थिए । प्रतियोगिताको अन्तिम समयमा प्रतिष्पर्धिको सुरक्षा प्रवन्ध वलियो वनाएर एकसाथ स्टेजमा पुर्याउनुको साटो आईडल टिमले १० अंक कटौति गर्दा धेरै दर्शकले आलोचना गरेका थिए । त्यस्तै आईडल आयोजकले भोटिङ प्रक्रियालाई पारदर्शि बनाउन सकेनन् । त्यो दिन कति देखि कति क्रम संख्याका टिकटहरु वितरण गरियो भन्ने आयोजक बाहेक न प्रतिष्पर्धिलाई थाहा छ न कुनै तेश्रो निकायलाई ।*

*महोत्सवका दर्शकहरुवाट गेटमा कब्जा गरिएका झण्डै १ बोरा टिकट दर्शकले जलाएका थिए । मत गणनालाई पनि विश्वसनिय रुपमा अगाडी नबढाईएको गुनासो चलिरहेको छ । आइडल बिजेताका हुनका लागि ५० प्रतिशत प्रस्तुती र ५० प्रतिशत टिकटको आधार निर्धारण गरिएको थियो । प्रस्तुतीमा निार्णायकको तजबिज हुने भएपनि टिकटमा भने लापरवाहि भएको देखियो । टिकक गणनाको बिधि तय नै नगरी उपसमितिका सदस्यहरु मात्रै सम्मिलितबाट गणना हुनु अर्को त्रुटि थियो । गणनामा धादलि भएको महसुस भएमा प्रतियोगिहरुले पुनः गणना माग गरेको खण्डमा आयोजकले ति टिकटका मुचुल्काको व्यवस्थापन नगरी जलाएको भन्ने सुनिएकोले आगामी दिनमा यस्तो हदै सम्मको लापरवाहि नहोस । किनकि स्थानीयको कला प्रवर्द्धनका लागि आयोजित प्रतियोगिताले उनिहरुको गला नसमातोस् ।*

## सर्वाधिक आकर्षण: माटो परिक्षण र घरेलु उत्पादन



*स्वर्गद्वारी प्यूठान पाँचौ महोत्सव २०७९ मा जिल्लाका एक सय ९ जना कृषकले माटो परिक्षण गराएका छन् । महोत्सवका विभिन्न आकर्षणहरु मध्ये लक्षित वर्ग कृषकले सवैभन्दा लाभ प्राप्त गर्ने स्टल माटो परिक्षण स्टल राखिएको थियो । एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय प्यूठानले किसानहरुका लागि गत फागुन १० र ११ गते निशुल्क रुपमा माटो शिविर गराउन आग्रह गरेको थियो । माटोको उत्पादकत्व, अवस्था, समस्या, संभावित वालि आदिवारे कृषकले माटो परिक्षण गराएर खेति गरे संभावित जोखिमवाट वँच्न सकिन्छ । तर, जिल्लाका धेरै कृषकले अहिलेपनि माटो परिक्षण विनै परम्परागत कृषी वालि गर्दै आएका छन् । कृषि विज्ञ उमेश चन्द श्रेष्ठका अनुसार माटोको अवस्था वमोजिमको कृषि खेति गर्न र उत्पादकत्व ह्रास हुन नदिन कृषकले समय समयमा माटो परिक्षण गराउनुपर्ने हुन्छ । यस्तै जिल्लाका ग्रामीण क्षेत्रमा लघु तथा घरेलु उद्यमीहरुले उत्पादन गरेको सामग्रि सहितका स्टलहरु पनि आकर्षका रुपमा रहेका थिए । आफूले उत्पादन गरेका बस्तु र सामग्रि धेरैजना उपस्थित हुने मेलामा प्रदर्शन गर्न पाउँदा उनिहरुले खुसी ब्यक्त गरेका छन् ।*

झुलेनी पोष्ट
सम्पादकीय....

# मुलको पानी बचाऔं

*गाउँघरका कुना कन्दराबाट रसाएर निस्किएका मूलको पानी सफा र मीठो हुनुको विशेषता सबैले बुझेका छौ। पछिल्ला दिनहरुमा मुलको पानी सुक्दै गएको छ। पानीको विकल्पको रुपमा खोला किनारबाट पानी तानेर पूर्ती भइरहेको छ। अझै पनि गाउँघरमा मुहानमै वा मुहानबाट बोकेर ल्याएको पानी खाएर तिर्खा मेटाउने पुस्ता छन्। राति घरका गाग्री र करुवा रित्तो राख्नु हुँदैन भनेर साँझ परेपछि पँधेरा मुलमा गएर गाग्रीभरि पानी ल्याउने र रात बितेपछि बासी चल्दैन भनेर बेलुकी भरेको पानी सबै घोप्ट्याएर झिसमिसेमा फेरि भर्न जाने पहाडी ग्रामीण परम्परा अहिले कथाजस्तै भएको छ।*

*केहि वर्ष पहिलेसम्म ग्रामीण भेगहरूमा मानिसहरूसँग धेरै विकल्प थिएनन। सबैले मुलको पानी उपभोग गर्दथे। जहाँ पानीको दुःख हुन्थ्यो, त्यहाँ जीवन चलाउन वैज्ञानिक जुक्ति लगाइन्थे। मुल संरक्षको लागि बिरुवाहरु लगाउने चलन थियो। मुल जोगाउन धेरै उपायहरु स्थानीयले गरेका हुन्थे। पानीबिना दैनिकी चल्ने कुरा भएन। करेसाबारीदेखि अन्न बालीको खेतीपाती सम्मका लागि सिँचाइ आवश्यक भएकाले पानीको जोहो र मुहान संरक्षणमा गाउँलेको गहन भूमिका हुन्थ्यो।*

*ठाउँ-ठाउँमा आकासे पानी संकलनका लागि पोखरी, कुलेसा खनिन्थे। पोखरीले भूमिगत जलको पुनर्भरणमा खेल्ने भूमिकालाई बूढापाकाले बुझेका थिए। पछिल्ला दिनहरुमा गाउँघरमा अर्बौंका खानेपानी परियोजनाहरू पुगेका छन्। मुहान सुके पनि लिफ्टीङले खोलाको पानी घर-घरमा ल्याइदिन्छ। लिफ्ट सम्भव नभएका ठाउँमा बोरिङले पानी ल्याइदिन्छ। त्यो पनि सम्भव नभए टाढादेखिका मुहानहरूबाट पानी संकलन गरेर तिर्खा मेटाइन्छ। सहरी क्षेत्रमा ट्यांकर, जार वा बोतलको पानीको विकल्प पनि छ। तर, यी सबै दिगो विकल्प होइनन्। जमिनमा भएको पानीको पनि आफ्नै चक्र हुन्छ। एउटा मुहानबाट बगेको पानी जमिनमुनि छिरेर कहिँकतैबाट अर्को मुहानका रूपमा निस्किन्छ र त्यसले अर्को बस्तीका लागि स्रोतको काम गर्छ। तर, हामीले मुहानै थुनेर पाइपका माध्यमबाट घरघरै धारा लैजान थाल्यौं। यो प्रवृत्तिले सुक्दै गएका मुहान सुकाउन झनै सहयोग पुऱ्याएको छ। सडक निर्माण गर्दा गाउँमा रहेका पुराना मुलहरु नोक्सान भएका छन्। मुलको पानी जोगाउन सबै लागौं।*

# राजनीति र प्रशासन किन सधैं दुश्चक्रमा ?



सागर पण्डित

अब राजनीति नेतृत्व र र प्रशासनिक नेतृत्व दुवैले गम्भीर आत्मसमीक्षा गरेर अघि बढ्नुपर्ने आवश्यकता देखिएको छ। यी दुवैले विगतमा गरेका कमीकमजोरी सच्याएर अघि नबढ्दासम्म मुलुकले विकास, समृद्धि र सुशासन हासिल गर्न सक्दैन। देशमा चौतर्फी विकृति र विसंगति बढ्दा पनि राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व कहिल्यै पनि गम्भीर बन्न सकेन। देश र जनताको हितमा महत्वपूर्ण कार्यक्रम ल्याउने र त्यसको सशक्त कार्यान्वयन गर्ने विषय उनीहरूको प्राथमिकतामा कहिल्यै पनि परेन।

आफ्नो व्यक्तिगत स्वार्थ र हितसमूहका लागि मात्रै काम गर्ने स्वार्थसमूहमा परिणत भए, दुवै पक्ष। माफिया र बिचौलियाको सहयोगी बनेर देशलाई अझै समस्याग्रस्त बनाए। यी दुवै पक्षको संवेदनहीनताका कारण अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामाथि विभिन्नखाले अविश्वास र शंका उपशंका पैदा भइरहेको छ।

मुलुकमा महँगी, बेथिति र विकृति अत्यधिक बढ्दै आइरहेको छ। तर पनि शासक प्रशासकलाई खासै मतलव छैन। उनीहरू दिनहुँजसो तारेहोटलमा बसेर बैठक गर्छन् तर जनताको समस्या ज्यूँका त्यूँ छ। दूरदराजका जनताहरू सिटामोल र जीवनजलसमेत नपाएर अकाल मृत्युवरण गर्न बाध्य भइरहेका छन् तर पनि केन्द्रमा रहेका शासकहरूको ध्यान त्यसतर्फ जान सकिरहेको छैन। यस्तै, खालका चौतर्फी विकृति बढिरहँदा यसै वर्ष संघ, प्रदेश र स्थानीय गरी तीनै तहको निर्वाचन भएर सबै तहमा नयाँ सरकारहरू पनि गठन भइसकेका छन्। तर, जनताले कहीँ पनि नयाँ सरकार र नयाँ नेतृत्व भएको अनुभूति गर्न सकेका छैनन्। जनताले न सरकारबाट पाउने सेवा सुविधा राम्ररी पाउन सकेका छन्, न त कुनै राहत कार्यक्रम।

यिनै नेताहरू र प्रशासकको वरिपरि घुम्नेहरूले मात्रै सबै प्रकारका सेवा सुविधा पाउने गरेका छन्। मुलुकमा दिन प्रतिदिन कुशासनको ग्राफ बढ्दो छ। सुशासन कायम गर्ने विषयमा सरकारी पक्षहरू उदासीन छन्। राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वमा देखिएको लोभ लालच र स्वार्थका कारण मुलुक कुशासनको चपेटामा पर्दै आइरहेको प्रस्टै छ।

जनताको सार्वजनिक सरोकारका विषयका 'दयगतमा राजनीतिक नेतृत्वलाई कुनै मतलव नै छैन। राजनीतिक नेतृत्वको सल्लाहकारका रूपमा रहेको प्रशासनिक नेतृत्वले पनि यस विषयमा राजनीतिक नेतृत्वलाई राम्रो र असल खालका सल्लाह नै दिने कोसिस गर्दैनन्। बरू राजनीतिक नेतृत्वको खराब कार्यको सहयोगी बन्न प्रशासनिक नेतृत्व तँछाडमछाड गर्न पुग्छन् र आफूलाई पनि राजनीतिक नेतृत्वजस्तै खलनायकका रूपमा स्थापित गराउने दृष्टता गरिरहेका छन्। जनता बिहानदेखि बेलुकीसम्म आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुमा भएको लगातारको मूल्यवृद्धिबाट निकै पीडित छन्। सर्वसाधारण नागरिकलाई बिहान र बेलुकी चुलो बाल्न नै धौधौ पर्न थालेको छ। तर पनि दुवै खालका नेतृत्व जनताको यो समस्या समाधान गर्न कहिल्यै पनि संवेदनशील देखिँदैनन्।

उल्टो हाम्रा शासक नेतादेखि बजारसमेत बिचौलिया र माफियाको प्रभावमा रहन पुग्दा नागरिकले सुशासनको अनुभूति गर्न सकेका छैनन् भने सेवा प्रवाहसमेत कमजोर बन्दै गइरहेको छ। आफ्नै र आफ्नो हितसमूहको स्वार्थमा राष्ट्रको करोडौं रुपैयाँ खर्चने शासक प्रशासक गरिब जनतालाई राहत दिने'दयगतमा कहिल्यै पनि सोच्दैनन्। जनताको करमा हुने दोहन र चुहावट रोक्ने विषय कहिल्यै पनि उनीहरूको प्राथमिकतामा पर्दैन। बरू उनीहरू कमल ओढेर घिउ खानमै बढी व्यस्त भइरहेका छन्। यसअघिका सबै शासनप्रणाली सञ्चालन गर्ने शासकले आफूहरूको मुख्य उद्देश्य नै जनताको घरदैलोमा सेवाप्रवाह कायम गरी मुलुकको विकास, समृद्धि र सुशासन हासिल गर्नुमा नै केन्द्रित रहेको बताउने गरेका थिए। तर, सोहीनुसार सरकारी सेवालाई समान रूपमा जनताको घरदैलोमा पुऱ्याउन उनीहरू असक्षम साबित भए। जसका कारण राणाशासन, पञ्चायत शासन र राजाको प्रत्यक्ष शासनसमेत पतन हुन पुगेको यथार्थ हामीसामु छ। अहिलेका शासकहरूले त्यस्तो यथार्थतालाई स्मरण मात्रै गर्नसके भने पनि सच्चिने अवस्था आउने थियो कि ?

संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्थाका कतिपय शासकसमेत भ्रष्टाचारमा चुर्लुम्म डुब्न पुग्दा लोकतान्त्रिक शासनप्रणालीमा पनि गम्भीर समस्या देखिँदै आएका छन्। शासकको गैरजिम्मेवारीपनका कारण जनताले असल शासनको अनुभूति गर्न कहिल्यै पाएनन्।

विश्वमै उन्नत मानिएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भएको सात वर्ष बितिसक्दासमेत आमजनताले शासन व्यवस्थाको वास्तविक अनभूति गर्न सकेका छैनन्। तीनवटा सरकार भए पनि जनताले कुनै पनि सरकारबाट राम्रो भएको छ भनेर भन्न सक्ने अवस्था छैन। जसका कारण आमजनतामा निराशा पैदा हुन पुगेको छ। जनतामा निराशा बढ्दै जाने हो भने सिंगो शासकीय व्यवस्थामाथि नै अलगाव सिर्जना हुन पुग्छ र जनताले शासकीय व्यवस्थाको विकल्प खोज्न सक्छन्। त्यस्तो अवस्थामा जनतामा विद्रोह जाग्न सक्छ। जनता विद्रोहमा उत्रिए भने अहिलेका शासकहरू आफैं पतन भएर जानसक्ने भएकाले त्यस्तो अवस्था आउन नदिन उनीहरू समयमै सच्चिनुपर्छ।

हामीकहाँ सेवा प्रवाह गर्ने मुख्य जिम्मेवारीमा रहेको प्रशासनिक संयन्त्र झारा टार्ने किसिमको छ। सेवाप्रवाह गर्ने संयन्त्रहरूले जनताको मनोभावना अनुसार काम गर्न सकेका छैनन्। सरकारका कामकारबाहीको प्रभावकारी अनुगमन कहिल्यै हुन सकेको छैन। केही अपवाद छोडेर कतिपय अनुगमन गर्ने निकाय आफैं 'सेटिङ'मा रमाउने गर्दा पनि उनीहरूमाथि कुनै कारबाही हुँदैन। अनुगमन गर्दा नै घूस खानु राष्ट्रमाथिको ठूलो गद्दारी हो।

कतिपय शासक र प्रशासक 'काले काले मिलेर खाऊँ भाले'को खेलमा लिप्त छन्। कतिपय नीतिगत भ्रष्टाचारमा दुवैको मिलेमतो पनि हुने गरेको छ। उनीहरू दुवै मिलेर भ्रष्टाचार गर्ने भएकाले कयौं त्यस्ता घटनाबाहिर आउन पाइरहेका छैनन्। त्यस्ता ठूलाखालका भ्रष्टाचारमा कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्ता निकायले आफ्नो संयन्त्रलाई चुस्त दुरुस्त र वैज्ञानिक रूपले अगाडि बढाउन सक्नुपर्छ। व्यवस्था बदल्न एकजुट हुने राजनीतिक शक्ति मुलुकको विकास, प्रगति र सुशासनका लागि कहिल्यै एकजुट हुन सकेनन्। त्यसैका कारण पनि मुलुकमा विकास र समृद्धिको विषय गफ र कुराकानीमा मात्रै सीमित हुन पुगेको छ। अब नागरिक समाज पनि राजनीतिक नेतृत्व र प्रशासनलाई सुधार्न कम्मर कसेर अघि बढ्नुपर्ने भएको छ। खराब कर्म गर्ने दुवै पक्षलाई जनताले बहिष्कार गर्नेगरी अभियान चलाउन ढिलाइ गर्नुहुँदैन। *राजधानी दैनिकबाट साभार*


## जनहितमा जारी सन्देश

- फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चर्पी प्रयोग गरिसके पछि साबुन पानीले हात धुने बानी बसालौं।
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं। घर भित्र र घर वरपर नियमित सरसफाई गरौं।
- दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौं। खुल्ला ठाउँमा दिसा, पिसाब नगरौं।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टा छुट्टै भाँडामा संकलन गरौं।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी फ्याँक्ने काम नगरौं।

अनुरोधक : खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, प्यूठान

# नेतृत्वको अजिङ्गर प्रवृत्ति र सञ्चार जगत्



रेवतीप्रसाद भुसाल

अन्ततः निर्वाचनपूर्वको गठबन्धन राष्ट्रपतिको निर्वाचनले पुनः जीवित गरायो। नेपाली काङ्ग्रेसका नेताहरू एक महिना पहिलादेखि नै एमालेसँग गठबन्धन टुट्ने र काङ्ग्रेससँगको गठबन्धन छिट्टै बन्नेमा आशावादी देखिएका थिए। नेताहरू काङ्ग्रेस छिट्टै सरकारमा जाने भनी निकै प्रचारबाजीमा रहेका थिए। पार्टी सभापति बोल्नुभएको थिएन। उहाँपछिका दुवै गुटका पदाधिकारी, पूर्वपदाधिकारीहरू एमाले नेतृत्वको गठबन्धन छिट्टै तोडिँदैछ भन्ने सन्देश फैलाउँदै हुनुहुन्थ्यो। एकजना महामन्त्रीले त फागुन १० गते निर्वाचनपूर्वको पुरानो गठबन्धन पुनः बन्ने भनेर ठोकुवा नै गरिदिनुभएको थियो। उहाँहरूको भाषाबाट यस्तो लाग्थ्यो, माओवादीसँगको गठबन्धन टुटी काङ्ग्रेस सत्ताबाट बाहिर भएपछि देश बर्बाद भैरहेको छ। यो गठबन्धन नतोड्ने हो भने लोकतन्त्र समाप्त हुन्छ, सर्वनाश निम्तन्छ। तसर्थ लोकतन्त्र बचाउन एमालेसँगको गठबन्धन टुटाइ काङ्ग्रेस सत्तामा जानुपर्छ। अब नेताहरू देश बनाउने मौका पुनः आउन लागेकामा सन्तुष्ट बन्नुभएको होला।

एमालेका सर्वेसर्वा केपी ओलीले भन्नुभयो, राष्ट्रघाती, देशी विदेशी तत्व एमालेलाई सत्ता गठबन्धनबाट बाहिर फ्याँक्न कोसिस गरिरहेका छन्। उहाँकै भाषामा एमाले यो देशको रक्षा गर्ने पाले हो। पालेलाई नहटाइ भित्र गएर बदमासी गर्न पाइँदैन। त्यसैले देश लुट्न चाहनेले पहिला देशको पाले एमालेलाई नै आक्रमण गर्छ। तसर्थ देश बचाउनका निमित्त एमाले सत्तामा रहनुपर्छ। अब एमाले देशको मायाले प्रचण्ड सरकारमा नै रहने हो कि बिदेशी षडयन्त्र देखेर (एमालेको भाषामा) सत्ताबाट बाहिरिने हो, २५ गतेपछि थाहा होला। एमाले कामरेडहरूको भाषा हेर्दा सरकारबाट बाहिरिने सम्भावना धेरै देखिन्छ। तर प्रदेश सरकारको मोह तथा संघीय सरकारमा प्राप्त हिस्सा सुरक्षित गर्न एमालेसमेत सरकारमा रहेमा आश्चर्य नमान्दा हुन्छ। कानुनतः वर्जित भए तापनि यो देशमा बहुपत्नी र कतै कतै बहुपति प्रचलन अझै विद्यमान छ।


पञ्चायत ढलेपछि बनेको पूर्वपञ्चहरूको पार्टी छ राप्रपा। उसको भनाइ छ, यो देश राजा फालेकाले बिग्रेको हो। राजा हुँदा सबै ठीकठाक थियो। जब काङ्ग्रेस कम्युनिस्ट मिलेर राजा हटाए, देश बिग्रन सुरु भयो। राष्ट्रियता कमजोर भयो, देशको प्रगति पनि अवरुद्ध भयो। यो देशका नायक राजा हुन्। पृथ्वीनारायण शाहले कमाइदिएको देशलाई उनका सन्ततिले जति माया अरू कुनै नेपालीले गर्दैन, गर्न सक्दैन। पृथ्वीनारायणका वंशजले शासन नगरे यो देशको अस्तित्व रहँदैन। राजतन्त्र नरहँदा सनातन धर्म पनि मासियो। सनातन धर्म बचाउनसमेत राजतन्त्र पुनर्जीवित गर्नुपर्छ। यसका लागी राप्रपा सरकारमा रहनुपर्छ। राप्रपाको यो बोलीमा पूर्वराजाले पनि सहमति जनाउँदै वक्तव्य निकालेका छन्। १३ गतेको घटनापछि राप्रपाले सरकारबाट बाहिरिने निर्णय गरेको छ। राप्रपा र ओलीको सोच र चिन्तनमा धेरै सामीप्य रहेकाले यो पार्टीले ओली मार्गको अनुशरण गर्ने धेरै सम्भावना देखिन्छ। माथि उल्लिखित तीन पार्टीहरू र माओवादीबाट देशको नवनिर्माण सम्भव छैन। यी चार पार्टीले देश बिगारेका हुन्। यी पार्टीलाई बिस्थापित गरी युवा पङ्तिले नेतृत्व गर्‍यो भने मात्र देशको द्रुत विकास हुन्छ। राष्ट्रको नवनिर्माणका बाधक यी पुरानालाई पुनः निर्वाचित गर्नै हुन्न (नो नट अगेन) भन्दै गिलोन बाबुनझैँ गर्भ धारणको १६० दिनमा नै तन्नेरी बनेर जन्मेको रास्वपा यसका जन्मदाताको अवैध नागरिकताले अहिले तिल्मिलाएको छ। उत्तेजनामा सरकारबाट बाहिर निस्कने निर्णय गरे तापनि समर्थन फिर्ता लिए देश बर्बाद हुन्छ भनेर हो वा कानुनविपरित राहदानी प्राप्त गरेको अपराधको भयले हो, सत्ताधारी नै बनेर बसेको छ थकित, गलित, विचलित वृद्धहरूलाई बिस्थापित गर्न उदाएको रास्वपाको पनि गृह मन्त्रालयसहित सरकारमा हिस्सेदारी नपाउँदासम्म देशको नवनिर्माण नहुने ठहर छ। नयाँ समीकरणपछिका रास्वपाका सर्वेसर्वा नेताको भाषा पढ्दा समीकरणमा आफ्नो हिस्साको पर्खाइमा रहेको देखिन्छ।

माओवादीले अहिले विशिष्ठ स्थान ग्रहण गरेको छ। कुनै समय थियो माओवादीलाई अछूतको व्यवहार गरिन्थ्यो। अहिले माओवादीको हातको वरमाला पहिरिन काङ्ग्रेस र एमालेको तीव्र प्रतिस्पर्धा छ। एमालेसँगको दुई महिनाको सहबासबाट माओवादी सन्तुष्ट हुन नसकेकाले काङ्ग्रेससँग सामीप्यता बढ्दै गएको थियो। काङ्ग्रेससँग पुनः असहजता उत्पन्न भयो भने ओलीजी स्वागत गर्न तयार नै छन्।

संसद्मा पहिलो तथा दोस्रो स्थानमा रहेका पार्टीमध्ये काङ्ग्रेस या एमाले नेतृत्वको गठबन्धन बन्नुपर्नेमा अहिले ३२ सिट रहेको माओवादी नेतृत्वको गठबन्धन बनिरहेको छ। यो भन्दा ठूलो राजनीतिक तमासा अरू के हुन सक्छ? तसर्थ अहिले सबैको आकर्षण रहेको यो पार्टीको बारेमा केही भनिहाल्नुपर्ने आवश्यकता रहेन।

उद्धृत गरिएका उद्धरण र यिनीहरूको व्यवहारले माथिका चारवटै पार्टीको प्रमुख विचार र लक्ष्य सत्ता प्राप्ति मात्र देखिन्छ। राजनीतिक संगठनमा सत्ता प्राप्ति सबै संगठनको उद्देश्य हुन्छ तर सत्ता कुन लक्ष्य प्राप्तिका निमित्त र कस्तो उद्देश्य प्राप्तिका लागि भन्ने प्रश्न महत्वपूर्ण हुन्छ। यी पार्टीहरूका आकर्षक चुनावी घोषणापत्र र कतिपयका उत्तराधिकारमा पाएका नीति तथा सिद्धान्त उल्लिखित विधान पनि छन्। तर ती कार्यान्वयन गर्नका लागि नभई जनतालाई भ्रमित गराइ भोट संकलन गर्ने औजार मात्र बनाइएका छन्। हरेक निर्वाचनपछि ती घोषणापत्र पाँच वर्षपछि हेर्नका लागि सोकेसमा सजाएर राखिन्छन्। पार्टीहरूले असल नियतले काम गर्दागर्दै निर्वाचनको समयमा गरेका प्रतिबद्धता सबै पूरा नहुन पनि सक्छन्।

त्यस्तोमा अन्यथा लिइँदैन। तर हाम्रोमा घोषणापत्रका प्रतिज्ञा निर्वाचनसम्मका लागि मात्र रहिआएका छन्। निर्वाचनपश्चातको पार्टीहरूको ध्यान जुनसुकै तरिका, जस्तोसुकै गठबन्धन बनाएर भए पनि सत्तामा पुग्ने मात्र भएको छ। सत्ता प्राप्तिपछि, त्यो अवसर जनताको पक्षमा राष्ट्र निर्माणको पक्षमा काम गर्नेतर्फ गएको भए, त्यस्तो अनैतिक गठबन्धनको पनि केही औचित्य स्थापित हुन सक्थ्यो तर सत्ता प्राप्तिपछि आफ्ना दण्डनीय कमजोरी लुकाउन, राज्यस्रोतको अवैध दोहन गर्दै सत्तामा टिकिरहन मात्र सत्ताको प्रयोग हुँदै आएको छ।



एमालेसँगको गठबन्धनमा रहँदा प्रचण्ड अढाइ वर्ष प्रधानमन्त्री रहने र बाँकी अढाइ वर्ष ओली प्रधानमन्त्री बन्ने सहमति गरी सरकार गठन गरिएको थियो। अहिले प्रचण्ड अढाइ वर्ष, माधव नेपाल एक वर्ष र शेरबहादुर देउवा डेढ वर्ष प्रधानमन्त्री बन्ने समझदारीबाट गठबन्धन गरिएको छ। तीज, विवाहमा लगाउने आभूषण जस्तै एमालेसँगको गठबन्धनले पनि साझा कार्यक्रमको भुलभुलैयाको घोषणा गरेको थियो। अब पनि साझा कार्यक्रमको केही तमासा देखाइने होला। नेतृत्वहरूको चासो प्रधानमन्त्रीको कुर्सी हो। अन्य कुरा सार्वजनिक खपतका लागि मात्र हुन् भन्ने सबैले बुझेकै छन्।

हाम्रा राजनीतिक पार्टीहरूका व्यवहारले साधारण नेपालीलाई शासनसत्ता साधन हो कि साध्य भन्ने संशय उत्पन्न गराएको छ। अधिनायकवादी व्यवस्थामा सत्ता नै साध्य हो। शासनसत्ता नरहे अधिनायक रहँदैन। एकथरी कम्युनिस्टहरू शासनसत्ता सत्य हो अरू सब भ्रम हुन भन्छन्। प्रजातन्त्रमा शासनसत्ता, जनताको सुरक्षा गर्ने, अधिकारको रक्षा गर्ने र जनकल्याणका काम गर्ने साधन मात्र हो। हाम्रोमा जनकल्याणका काम नेताहरूका वक्तव्यबाजी र भाषणको जालोभित्र अल्मलिएका छन्।

यस्तो किन? राप्रपा र रास्वपाको कुरा छाडौँ। नेपाली काङ्ग्रेस प्रजापरिषद्पछिको सबैभन्दा पुरानो पार्टी हो। यसको इतिहास पनि गौरवमय छ। विधानमा उल्लिखित सिद्धान्त, आदर्शहरू पनि राम्रा छन् र युगसापेक्ष रहँदै आएका छन्। त्यस्तै नेकपा एमालेको पनि लामो इतिहास छ। यसको केही कालखण्ड प्रजातन्त्र विरोधी उग्र तथा हिंस्रक रहेको भए तापनि २०४६ सालपछि सच्चिँदै आएको हो। नेपाली जनताले यी दुवै पार्टीलाई कहिले सत्तापक्ष कहिले प्रतिपक्षको रूपमा बारम्बार अवसर दिएका छन्। तर २०५२ सालदेखि यी दुवै पार्टी निरन्तर पतनोन्मुख छन्। यिनीहरूका निकट अतीतका भ्रष्टतन्त्रलाई बढावा दिने कुशासनबाट जनता विरक्त हुनाको कारण अहिले यी पार्टीहरू खास मुद्दालाई विषयान्तर गर्दै कृतिम मुद्दा निर्माणतर्फ अग्रसर छन्।

एउटाले प्रजातन्त्रको दुहाइ दिन्छ, अर्कोले राष्ट्रवादका चर्का कुरा गर्छ। वास्तवमा आज प्रजातन्त्र काङ्ग्रेसको कारण कमजोर भएको छ भने राष्ट्रियता एमालेकै कारण कमजोर हुँदैछ। यी दुवै दल इमानदार हुने हो भने राष्ट्र र लोकतन्त्र दुवै सबल बन्छन्।

दुवै पार्टी इमानदार भएर काम गर्ने हो भने राष्ट्र समृद्ध हुन्छ, जनता बलिया हुन्छन्। जनता बलियो बने लोकतन्त्र पनि विकसित हुँदै जान्छ, राष्ट्र पनि बलियो बन्छ। तर यी पार्टीका नेता जनतालाई कमजोर बनाएर आफू बलियो बन्ने गरेका छन्। यी दुवै पार्टीको राष्ट्र प्रेम र लोकतन्त्रप्रतिको निष्ठामा सन्देह गर्न सकिँदैन। तर सत्ताका लागि बाहिरी शक्तिको आडभरोसा लिन नहिच्किचाउने र सत्ता टिकाउन असम्वैधानिक काम गर्न तम्सिने यी पार्टीका नेताहरूको व्यवहारले लोकतान्त्रिक र राष्ट्रवादी छवि केवल सत्तामा जाने सिँढी मात्र सावित भएको छ। यी दुई पार्टी कति क्षयीकरण भएका छन् भन्ने माओवादीको पुच्छर बन्न नपाएकामा यिनीहरूमा देखिने छटपटीबाट नै छर्लङ्ग छ। पुराना र ठूलो संगठनको जालो भएका पार्टीका नेताहरूबाट वितृष्णित जनता निकै ठूलो आशा र उत्साहसका साथ रास्वपातर्फ आकर्षित भएका थिए।

स्थापनाको अत्यन्त छोटो समयमा, कुनै उल्लेखनीय काम तथा योगदान नगरेको पार्टीलाई संसद्मा चौथो दलको हैसियत दिलाउनु, पुराना पार्टीको कुशासनबाट उत्पन्न निराशा मात्र नभएर बहुप्रचारित युवा पङ्तिले नेतृत्व गरेको नयाँ पार्टीप्रतिको आशा र सुशासनको कामनाको उत्साह पनि थियो। तर निर्वाचन परिणामपछिको अत्यन्त छोटो अवधिमा यो पार्टीका नेताको सत्ताप्रतिको अत्यधिक आशक्ति, स्वार्थ गाँसिएका मन्त्रालयको रोजाइ, संसद् सदस्यबाट अयोग्य घोषित भैसकेपछि पनि अपवादका रूपमा प्रयोग हुने संविधानको छिद्र प्रयोग गरी पुनः गृहमन्त्री हुन पाउनुपर्ने असंगत दाबीले सुशासनको आशामा उत्साहित जनमतलाई निरास बनाएको छ। त्यसमाथि यसका नेताको कमजोरीमा प्रश्न उठाउने सञ्चार जगत्माथि यो पार्टीका नेता तथा समर्थकको अभद्र, अमर्यादित आक्रमणले यो नयाँ पार्टीलाई लोकतान्त्रिक संस्कारविहीन अराजक जमात सावित गरेको छ।

अहिले राष्ट्रपतिको निर्वाचन सन्निकट छ। हाम्रो संविधानअनुसार राष्ट्रपति आलंकारिक मात्र हो। संविधानको अक्षर र भावनाअनुसार चल्ने हो भने जो कोही राष्ट्रपति भए पनि केही फरक पर्ने होइन। वर्तमान राष्ट्रपतिको संविधानेत्तर भद्दा अभ्यासले सबैलाई झस्काएको छ। एमाले अध्यक्षले राष्ट्रपतिलाई आफ्नो सत्ताको भोक तृप्ती खातिर प्रयोग गर्दा सम्मानित संस्थाको गरिमामा आघात पुर्‍यायो। जनताले राजा र राष्ट्रपतिमा विभेद छुट्याउन सकेनन्। फलस्वरूप गणतन्त्र नै बदनाम हुन पुग्यो। यी सबै विकृति निर्वाचित नेताहरूका सत्ताप्रतिको अति आशक्तिबाट उत्पन्न भएका हुन्। राजनीतको केन्द्रमा जनता हुनुपर्नेमा राजनीतिलाई सत्ताकेन्द्रित बनाइयो। दलहरूका लागि आफ्ना कार्यक्रम लागु गर्न, शासनको दक्षता देखाउन सत्ता आवश्यक पर्दछ। हामीकहाँ दलका नेताहरूको इच्छा पूर्ति तथा स्वार्थकेन्द्रित काममा सत्ताको प्रयोग गर्ने गलत संस्कार विकास भयो। परिणामतः विपक्षी बेन्चमा बस्नु अक्षमता मानिन लाग्यो।

विपक्षी दल नहुँदा जनताका आवाज मुखरित हुन पाउँदैनन्। नेपालमा स्थायी विपक्षको स्थान सञ्चार जगत्ले सम्हालेका छन्। २०४८ सालपछि विस्तारित भएका सञ्चार जगत् र प्रबुद्ध नागरिक समाजको खबरदारीका कारण मात्र लोकतन्त्र चलायमान छ। नेपाली सञ्चार जगत् चनाखो नभएको भए हाम्रा कर्ताहरूको अजिंगर प्रवृत्तिले लोकतन्त्रलाई नै निल्ने थियो। गोदी मिडिया नबनेकामा मठाधीशबाट प्रशिक्षित भई तृष्णा मेटाउन भर्खर कान चिरेको नयाँ जोगीले सञ्चार जगत्लाई पिशाचहुलसहित आक्रमण गर्ने चेतावनीको तमासा प्रदर्शन गरेको पनि देखियो। पिशाचहुल सिर्जना गर्ने क्षमता पनि स्वतन्त्र सञ्चार जगतले नै दिलाएका हुन्। पिशाचहरू अन्धकारमा चलायमान हुने हुन्। अझै लोकतन्त्रको धिपधिपे उज्यालो बाँकी नै छ। लोकतन्त्रका कारण फस्टाएको सञ्चार जगत् लोकतन्त्रको रक्षा गर्न पक्कै चुक्ने छैन। नागरिक दैनिकबाट साभार

## डिभिजन वन कार्यालय, प्यूठानको अनुरोध

### देहाय बमोजिमका कार्य गर्न, गराउन दण्डनिय हुन्छ ।

वन फाँड्ने, वन क्षेत्रमा खनजोत गर्ने, खनिज उत्खनन् गर्ने, पूर्वाधार तथा घर टहरा बनाउने, व्यवसाय सञ्चालन गर्ने, विना इजाजत राष्ट्रिय वन, निजी वन तथा निजी आवादी समेतका वन पैदावार कटान, संकलन र ओसारपसार गर्ने सबै कार्य अपराध हुन् । यस्ता कार्य गरेमा वन ऐन, २०७६ बमोजिम कैद वा दश लाख रुपैयाँ सम्म जरिवाना हुने व्यवस्था रहेको छ ।

**त्यसैले उक्त निषेधित कार्यहरु नगर्न नगराउनुहुन सबैमा अनुरोध गरिन्छ ।**

**अनुरोधक :**
**डिभिजन वन कार्यालय खलङ्गा प्यूठान**

## सडक पूर्वाधार विकास कार्यालयको सुचना

१) सडक अतिक्रमण नगरौं, जिम्मेवार नागरिक बनौं ।
२) सडक अतिक्रमण गरी बनाइएका घर टहरा तथा संरचना तत्काल हटाऔं ।
३) सडकमा फोहोर नगरौं, निर्माण सम्बन्धी राखीएका सामग्री यथाशिघ्र हटाऔं ।
४) सडक क्षेत्रमा खाल्डो नखनौं, बिग्रिए मर्मत संभार गरौं, कार्यालयलाई खबर गरौं ।
५) सडक आसपास क्षेत्रमा ढुंगा, बालुवा, गिट्टी, ननिकालौं।
६) सडक क्षेत्रमा डम्पिङ नगरौं, घर बनाउँदा सडक कार्यालयले तोकेको दुरी कायम गरी निर्माण गरौं ।
७) सडक तोडफोड गरे वा बिगारेमा सडक ऐन अनुसार कारवाही हुनेछ ।

विस्तृत जानकारीका लागि सडक
सडक पूर्वाधार विकास कार्यालय खलंगामा सम्पर्क गरौं ।

**अनुरोधक : सडक पूर्वाधार विकास कार्यालय खलंगा, प्यूठान ।**

## धुम्रपान नगरौ, स्वस्थ जीवन बाँचौ ।

धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ । आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं। कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं। धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं । धुम्रपानले तपाई र परिवार सबैलाई असर पुर्याउँछ । त्यसैले धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

**स्वास्थ्य कार्यालय, प्यूठान**

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
१२) पालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा व्यवसाय सञ्चालन गरौं ।

**अनुरोधक :**
**ऐरावती गाउँपालिका,**
गाउँ कार्यपालिकाको कार्यालय, बरौंला प्यूठान

## नगरपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
१२) पालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा व्यवसाय सञ्चालन गरौं ।

**अनुरोधक :**
**स्वर्गद्वारी नगरपालिका,**
नगर कार्यपालिकाको कार्यालय, भिंगृ प्यूठान

# एमाले प्यूठानको मिसन ग्रासरूट कार्यतालिका निर्माण

**झुलेनी नेटवर्क**
**प्यूठान**



नेकपा (एमाले) को पार्टी सुदृढीकरण तथा विस्तार अभियान 'मिसन ग्रासरुट' कार्यक्रम अन्तर्गत प्यूठानमा जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रम गत मंगलवार सम्पन्न भएको छ । जिल्ला कमिटी प्यूठानको आयोजनामा उमेशचन्द्र स्मृती प्रतिष्ठान विजुवारमा अभिमुखीकरण कर्यक्रम गरिएको हो । जिल्ला कमिटि सदस्य, पालिका कमिटी पदाधिकारी, जनवर्गिय संगठनका पदाधिकारी लगायतको सहभागितामा केन्द्रीय सदस्य तथा लुम्बिनी प्रदेश सहइन्चार्ज गिरीधारीलाल न्यौपानेले प्रशिक्षण दिएका हुन् । जिल्ला कमिटी अध्यक्ष विजयविराज विष्टको अध्यक्षतामा भएको अभिमुखीकरणमा मिसन ग्रासरुट अभियानमा खटिएका पार्टीका केन्द्रीय सदस्यहरू घनश्याम पाण्डे, ईश्वरी घर्तीका साथै जिल्लाका नेता कार्यकर्ताको सहभागिता रहेको थियो। जिल्लास्तरीय अभिमुखीकरण पछि दुई महिने मिसन ग्रासरुट अभियानलाई प्रभावकारी बनाउन पालिकाहरूमा प्रशिक्षण तथा वडा र टोलसम्मका सुक्ष्म योजनाहरू निर्माण गरी अगाडी बढ्ने निर्णय गरिएको छ । अभिमुखीकरणमा सरुमारानी गाउँपालिकामा फागुन १२ गते, झिमरुक गाउपालिकामा फागुन १२ गते, गौमुखी गाउँपालिकामा फागुन १३ गते, स्वर्गद्वारी नगरपालिकामा फागुन १३ गते, नौवहिनी गाउँपालिकामा फागुन १४ गते, मल्लरानी गाउँपालिकामा फागुन १५ गते, ऐरावती गाँउपालिकामा फागुन १७ गते, प्युठान नगरपालिकामा फागुन १८ गते, माण्डवी गाउँपालिकामा फागुन २० गते पालिका स्तरणमा अभिमुखीकरण सहित वडागत रुपमा कार्ययोजना निर्माण गर्ने योजना निर्माण भएको छ । योजना अनुसार सरुमारानी गाउँपालिका, झिमरुक गाउँपालिका, गौमुखी गाउँपालिका, स्वर्गद्वारी नगरपालिका, नौबहिनी गाउँपालिका र मल्लरानी गाउँपालिकाले गाउँपालिका स्तरीय प्रशिक्षण कार्यक्रम सम्पन्न गरेका छन् ।

# महोत्सवमा स्वास्थ्य शिविरबाट १३ हजारले सेवा पाए

**झुलेनी नेटवर्क**
**प्यूठान**




स्वर्गद्वारी प्यूठान पाँचौ महोत्सवको अवसरमा आयोजित निशुल्क स्वास्थ्य शिविरबाट करिब १३ हजार जनाले सेवा लिएका छन् । लुम्बिनी सिटी अस्पताल एण्ड मेडिकल साइन्स प्रा.लि बुटवल र स्वर्गद्वारी लाइफ केयर पोलिक्लिनिक प्रा.लि बाग्दुला प्यूठान र बिजय फुलवारी बचत तथा ऋण सहकारीको सहकार्यमा निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो । महोत्सव उद्घाटन हुने दिनदेखि ९ दिनसम्म शिविर सञ्चालन गरिएको लुम्बिनी सिटि अस्पतालका सञ्चालक बसन्त जि.सि.ले बताए । शिविरमा महिला रोग सेवा सम्बन्धि ३ हजार, हाडजोर्नी तथा नसा रोग सम्बन्धी ३ हजार, २ सय, नाँक कान घाटी रोग सम्बन्धी ५ सय, जनरल फिजिसियनमा २ हजार ८ सय, मानसिक रोग सम्बन्धी एक सय, जनरल सर्जरी ६ सय र भिडियो एक्सरे २ हजार ५ सय गरि १२ हजार ९ सय जनाले सेवा लिएका छन्। निशुल्क स्वास्थ्य जाँच र परामर्शसँगै शिविरमा करिब ५० लाख भन्दा बढिको औषधी वितरण गरिएको सञ्चालक जि.सीले बताए। शिविरमा धेरैजसो क्यान्सर, ज्येष्ठ नागरिकलाई हाडजोर्नी तथा नसा सम्बन्धि रोगको समस्या हुनेहरुले सेवा पाएका छन् । ग्रामीण क्षेत्रका स्थानीयले सानोतिनो रोगको लक्षण हुदा स्वास्थ्य जाँच नगराउने र गम्भिर प्रकृतिको लक्षण देखिए मात्रै उपचार गराउने प्रवृत्तिले धेरैले रोग पालेर बस्ने गरेको पाइएको छ । समयमै नियमित रुपमा स्वास्थ्य जाँच गराई आफ्नो स्वास्थ्यमा लगानी गर्न कन्जुस्याई गर्न नहुने शिविरमा आउने स्थानीयलाई जि.सि.ले सुझाव दिएका छन् । केहिँ घातक रोगहरु क्यान्सर र महिलाहरुको पाठेघरमा हुने समस्या भएका बिरामीहरु धेरै भएकाले फ्लोअपका लागि स्वास्थ्य जाँच गराउन अनिवार्य रहेको बताए । प्यूठान महोत्सवको अवसरमा जाँच गराएका बिरामीहरुको उपचारका लागि आएमा आफ्नो अस्पतालबाट १५ प्रतिशत छुटमा उपचार गराउने सञ्चालक जि.सि.ले जानकारी दिए

# महोत्सवको टिकटक बनाएर नकर्मि र के.सि. प्रथम

**झुलेनी नेटवर्क**
**प्यूठान**





प्यूठान महोत्सवमा उत्कृष्ट टिकटक भिडियो बनाउनेले पुरस्कार पाएका छन् । महोत्सव सञ्चालन हुनु अगावै र महोत्सव अवधिभर टिकटक बनाउनेलाई पुरस्कार सहित प्रमाण पत्रको व्यवस्था गरिएको डिजिटल मेला व्यवस्थापन समितिका संयोजक डिल्लिराज पराजुलीले जानकारी दिए । उनका अनुसार महोत्सव सञ्चालन हुनु अगाबै महोत्सव सम्बन्धी उत्कृष्ट टिकटक बनाउने गौमुखी गाउँपालिका वडा नं.६ का पदम बहादुर केसी प्रथम भएका छन् । उनले १५ हजार रुपैया पुरस्कार सहित प्रमाणपत्र प्राप्त गरेका हुन् । महोत्सव अवधिभर उत्कृष्ट टिकटक बनाउने मल्लरानी गाउँपालिका ४, खलंगा प्यूठानका गोकुल नकर्मिले १५ हजार सहित प्रमाण पत्र प्राप्त गरेका छन् ।

दुई बिधामध्ये पहिलो बिधामा दोस्रो हुनेले ५ हजार सहित प्रमाण पत्र, सान्त्वना हुनेले ३ हजार नगद सहित प्रमाण पत्र पाएका छन् । महोत्सव अवधिभर उत्कृष्ट टिकटक बनाउने गौमुखीका रवि चन्दले दोस्रो पुरस्कार प्राप्त गर्दै १० हजार रुपैयाँ सहित प्रमाण पत्र पाएका छन् । तेस्रो हुने ५ हजार र सान्त्वना हुनेले ३ सहित प्रमाण पत्र पाएका हुन् । महोत्सव सुरु हुनुभन्दा अघि उत्कृष्ट टिकटक बनाउने र महोत्सव अवधिभर टिकटक बनाउने गरी दुइ विधामा उत्कृष्ट टिकटक बनाउनेहरुलाई पुरस्कृत गरिएको डिजिटल मेला महोत्सव प्रवद्धन समितीका अध्यक्ष डिल्लीराज पराजुलीले बताए । उनका अनुसार जिल्लामा पहिलो पटक यसरी टिकटक बनाएर प्रचार प्रसार र प्रवर्द्धनका लागि काम थालनि गरिएको हो ।

## छोटकरी

### नयाँगाउँ सडक खण्ड बन्द हुने

माण्डवी । माण्डवी गाउँपालिका-३, नयाँगाउँको वडा कार्यालय जाने बाटो केही समयको लागि बन्द हुने भएको छ। भालुवाङ रोल्पा सडक खण्ड अन्तर्गत नयाँ गाउँको वडा कार्यालय सम्म ५० मिटरको बाटो ढलाई गर्ने कार्य हुने भएकाले बाटो बन्द हुन लागेको हो ।

यही फागुन १० गतेदेखी २२ गतेसम्म बाटो बन्द हुने वडा नं. ३ का अध्यक्ष धनेन्द्र कार्कीले बताए । मोटरसाइकल, साना पिकअप गाडी र पैदल यात्रीको लागि बैकल्पिक बाटो हुँदै नयाँगाउँ चालिसे देखी यात्रा गर्न सकिने अध्यक्ष कार्कीको भनाइ छ। लुम्बिनी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत ३० लाख रुपैयाँ बरावरको लागतमा सडक निर्माणका लागि पदमा कन्ट्रक्सन प्रा.लिले ठेक्का पाएको छ। समयमै सडक निर्माण कार्य सम्पन्न भए स्थानीयले दुर्घटना न्युनीकरणमा सहज हुने अपेक्षा गरेका छन् ।

# बिरा बनिन् प्यूठान डान्स आइडलको विजेता

प्यूठान । जिल्ला भर माघ २१ गते देखी सुरु गरिएको प्यूठान डान्स आइडलको उपाधि बिरा घर्तिमगरले हात पारेकि छिन् । स्वर्गद्वारी प्यूठान पाँचौं महोत्सवको अवसरमा डान्स आइडल प्रतियोगिता सञ्चालन गरिएको थियो । जिल्लाका ९ वटै स्थानीय तहबाट करिब ५ सय भन्दा बढि प्रतियोगितामा सहभागिता जनाएका थिए । जसमध्ये डान्स आइडलको विजेता स्वर्गद्वारी नगरपालिका निवासी बिरा घर्ति मगर बनेकि हुन् । त्यसैगरी फस्ट रनरअप गौमुखी गाउँपालिकाको रेजिना के.सी को समुह भएको थियो भने सेकेण्ड रनरअप प्यूठान नगरपालिकाबाट अडिशन दिएको नौबहिनी गाउँपालिकाकी सरस्वती घर्तिमगर भएकि हुन् ।

आइडल विजेताले ५५ हजार ५ सय ५५ नगद सहित ट्रफी र प्रमाणपत्र पाएका छन् भने फस्ट रनरअपले ३३ हजार ३ सय ३३ रुपैयाँ, ट्रफी र प्रमाणपत्र त्यसैगरी सेकेण्ड रनरअपले २२ हजार २ सय २२ रुपैयाँ, ट्रफी, प्रमाण पत्र पाएका हुन् । प्रतियोगितामा चौथो स्थान हुने मल्लरानी गाउँपालिकाकाकि एलिशा थापा मगर र पाँचौं स्थानमा प्यूठान नगरपालिका ५ का अर्जुन भण्डारी भएका छन् ।

# वैशाखमा पाक्ने काफल फागुनमै पाक्यो

स्वर्गद्वारी । प्राय जसो बसन्त ऋतु सुरु भएसँगै काफल पाक्ने गर्दछ । अहिले भरखर जाडो सकिएर गर्मियाम लाग्ने बेला सुरु भएको छ । यो बेला अब गुराँस फुल्ने बेला हो । तर यतिबेला काफल पाकेको सुन्दा अचम्म लाग्ने भएको छ । बैशाकमा पाक्ने काफल स्वर्गद्वारी नगरपालिका-२, प्यूठानको जंगलमा माघको अन्तिम हप्ताबाटै काफल पाक्न सुरु गरेको स्थानीय गंगाराम पुनमगरले जानकारी दिए ।

बिगतका वर्षमा चैत महिनाको अन्तिम हप्ताबाट वैशाखमा काफल पाक्ने गर्दथ्यो । पुनले भने, 'वैशाखमा पाक्ने काफल माघको अन्तिम हप्ता तिरबाट पाक्न शुरु गरिहाल्यो । यस वर्ष पानी नपरेर होकी जस्तो लागेको छ ।' उनका अनुसार बनभरी काफल पाकेको छ । अहिले जलवायु परिवर्तनका कारण जाडो याममा पानी नै नपरी गर्मि मौषम सुरु भएको छ । गत वर्ष काफल पाक्दा स्वर्गद्वारी मन्दिर दर्शन गर्न आउने मान्छे सम्पर्क गरी आउने गर्दथे । यस वर्ष काफल पाकेको समयमा तराइमा जानकारी नहुने हो की भन्ने पुनको चिन्ता छ । पुन सहित ५ जना छिमेकीहरुले प्युठानमा आयोजना भएको स्वर्गद्वारी प्यूठान पाँचौ महोत्सवमा काफल विक्रीका लागि लिएका थिए । महोत्सवमा आएका स्थानीय समेत फागुनमै काफल पाकेको थाहा पाएपछि अचम्म मानेको काफल बेच्दै गरेकी लक्ष्मी बुढामगरले बताइन् ।


**कृषि तथा पशुपालन सम्बन्धी सामान चाहिएमा हामीलाई सम्झनुहोस**

उन्नत स्थानीय र हाइब्रिड जातका तरकारी तथा अन्नवालीका बिऊ बिजन, किटनाशक तथा ढुसी नासक विषादी, कुखुरा, बङ्गुर, कालिज, टर्कि, गाई भैसी र बाख्राका दाना, गाई भैसीमा कृत्रिम गर्भाधान सेवा, गुणस्तरीय ब्रोइलर, लेयर्स, कालिज, टर्कि गिरिराज, कडकनाथ चल्ला, पशुपन्छीहरुको औषधी उपचार सेवा चाहिएमा सेवा गर्ने मौका दिनुहोला ।

व्यवस्थापक :
कल्पना शर्मा पौडेल
प्राविधिक सल्लाहकार :
गिरीराज पौडेल

**किसान एग्रोभेट,**
**किसान एग्री एण्ड फिड सप्लायर्स**
**प्यूठान न.पा.-४, जुम्रि प्यूठान**

**सम्पर्क फोन :**
**९८४७८३९१४३, ९८६८६६८७८८**

नोट : हामीकहाँ २४ सै घण्टा पशु पालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध छ ।

# स्वास्थ्य सेवा दिवसको सार्थकता



बोलराज आचार्य "राजन"

स्वास्थ्य सेवा दिवस २०७९ यस वर्ष 'दक्ष जनशक्ति, गुणस्तरीय स्वास्थ्य सेवा-निरोगी नेपाल निर्माणमा हाम्रो टेवा' भन्ने नाराका साथ आज मनाइँदै छ। स्वास्थ्य सेवा ऐन, २०५३ फाल्गुन १५ गते जारी भएको थियो, सोही दिनको सम्झनामा हरेक वर्ष यो दिन स्वास्थ्य सेवा दिवस मनाउने गरिएको छ। यो सेवा अन्तर्गत झन्डै ३५ हजार स्वास्थ्यकर्मी कार्यरत रहेका छन्। स्वास्थ्य सेवा जनसाधारणको लागि अत्यावश्यक सेवा भएकोले यस सेवालाई बढी सक्षम, सुदृढ, सेवामुलक र जनउत्तरदायी बनाउन स्वास्थ्य सेवाको गठन, संचालन र सेवाको सर्त सम्बन्धी व्यवस्था गर्न वान्छनीय भएकोले भनि स्वास्थ्य सेवा ऐन २०५३ को प्रस्तावनामा उल्लेख गरिएको छ। यसरी उल्लेख गरिनुले स्वास्थ्य सेवालाई सक्षम, सुदृढ जनउत्तरदायी बनाउँदै जनताको अत्यास्यक सेवाको रुपमा जोड दिएको छ। यस वर्षको नाराले पनि दक्ष जनशक्ति भयो भने गुणस्तरीय सेवा प्रवाह गर्न सकिन्छ अनि मात्र नेपाल निरोगी बन्न सक्छ भन्ने कुरामा जोड दिएको पाइन्छ।

प्रत्यक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने अधिकार हुने छ भनि जनस्वास्थ्य ऐन २०७५ को दफा ३ मा व्यवस्था भएको छ। जसअनुसार गुणस्तरीय स्वास्थ्य सेवा सहज ढंगले सर्वसुलभ रुपमा नागरिकले पाउनु पर्छ भने सेवा प्रदायकले दिनुपर्छ। त्यसका लागि सेवाग्राही नागरिक, सेवा प्रदायक राज्य जिम्मेवार र जवाफदेही हुनुपर्छ। यस बीचमा स्वास्थ्य सेवामा सुधारका लागि धेरै समिति र कार्यदल गठन भई विभिन्न नीति नियम निर्देशिका कार्ययोजना रणनीतिहरु कार्यनयनमा आए। यद्यपि स्वास्थ्य सेवाको सेवा प्रदायक संस्था र जनशक्तिबाट प्रदान गरिएको सेवा वा कार्यमा सेवाग्राहीबाट सन्तुष्ट बन्न नसकिरहेका गुनासा बारम्बार नआएका भने होइनन्। गुनासोसँगै सेवा प्रदायक र सेवाग्राही बीच केही छिटपुट घटना समेत घटिरहेका मात्र छैनन् दिन दिनै बढिरहेका छन् भने स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन २०६६ को प्रभाकारी कार्यनयन हुन सकिरहेको छैन।

स्वास्थ्य विकासको पहिलो खुड्किलो हो। विश्व स्वास्थ्य सङ्गठनले रोग र सङ्क्रमणबाट मात्र मुक्त हुनु स्वास्थ्य होइन सामाजिक, मनोवैज्ञानिक, भौतिक तीनै पक्ष स्वस्थ हुनुलाई स्वास्थ्य हो भन्छ। तर आधुनिक रुपमा शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक रुपमा अब्बल रहनु नै स्वास्थ्य हो भनेर भन्ने गरिन्छ। स्वास्थ्य सेवा जति सहज सक्षम र गुणस्तरीय बन्न सक्छ, त्यति नै राष्ट्रले गति लिन सक्छ। स्वास्थ्य सेवाको कामलाई सेवा प्रदायक संस्था र जनशक्ति जिम्मेवारी भएर कार्य गरि जनताले समेत गर्व गर्न लायक स्वास्थ्य सेवा बनाउन सक्नु नै स्वास्थ्य सेवा दिवस मनाउनुको सार्थकता रहन्छ। सेवा प्रदायक स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीको कोरोना बिमाको भुक्तानी राज्यले दिन सकेको देखिँदैन जसका कारण कोभिड-१९ जस्ता भयानक रोगसंग आफू र आफ्नो परिवरको ज्यान जोखिममै राखेर अरुको ज्यान जोगाउन २४सै घण्टा खटिएका स्वास्थ्यकर्मीको मनोबल गिरेको छ यो गिरेको मनोबल उच्च राख्नु राज्यको दायित्व हो। जब स्वास्थ्यकर्मीको मनोबल उच्च हुन्छ तब उसले दिने सेवा पनि उच्च हुन्छ। स्वास्थ्य सेवा अन्तर्गत कार्यरत थुप्रै चिकित्सक र स्वास्थ्यकर्मी २४सै घण्टा जतिखेर पनि बिरामीको उपचारमा आउनुपर्ने, अस्पताल लगायत स्वास्थ्य केन्द्र जानुपर्ने हुँदा उनीहरुलाई यातायात वा सवार ीसाधनको सुबिधा पर्याप्त मात्रामा उपलब्ध गरेको देखिँदैन जसका कारण सार्बजनिक यातायात वा अन्य विकल्पहरु प्रयोग गर्दा समयको कारण बिरामीको उपचारमा अप्रत्यक्ष रुपमा अप्ठ्यारो परेको देखिन्छ। चिकित्सक वा स्वास्थ्यकर्मीलाई आवासको व्यवस्थापन नहुँदा आफू कार्यरत स्वास्थ्य संस्थामा जतिसक्दो धेरै समय दिन सक्ने अवस्था देखिँदैन। यदि अस्पतालमै वा छेउछाउ आवासको व्यवस्थापन गर्न सके सबै विशेषज्ञ सेवा बढी मात्रामा सर्वसाधारणले पाउने सम्भावना देखिन्छ त्यो राज्य र सर्वसाधारण दुबैलाई सहज हुने विषय हो।

रातिमा डिउटी गर्ने चिकित्सक वा स्वास्थ्यकर्मीलाई सोहि अनुरुपको सेवा सुविधा उपलब्ध गर्न सकिएको देखिँदैन जसबाट बिरामीले सेवा प्रदायक खुशी हुँदै सेवा पाएको अबसर गुमेको छ, मुस्कान सहितको सेवा भन्ने नारा नारामै सिमित देखिन्छ। स्वास्थ्य संस्थामा बेला बेलामा रिफ्रेसमेन्ट र मोटिभेसनल कक्षाहरु संचालन गर्नु पार्ने देखिन्छ। जसले गर्दा स्वास्थ्यकर्मीको कार्यक्षमता बढ्न गई कार्यकुशलता र सेवामा सहजता कायम राख्न सकिन्छ जसको प्रभाव सेवाग्राहीमा पर्न जान्छ। दुर दराजका नेपाल सरकार भनेर चिनिने स्वास्थ्य संस्थाहरुले जसरी सेवा दिइरहेका छन् त्यसको उचित मुल्यांकन गरिने गरेको देखिँदैन, दुर्गमका स्वास्थ्यकर्मी ब्लड बैंक हुन्, बिरामीलाई रगत चाहिएमा आफैँ दिन्छन्। उनीहरु एम्बुलेन्स हुन् बिरामीलाई घर देखि स्वास्थ्य संस्थामा आफैँ बोकेर ल्याएर उपचार गरेर घर पुर्‍याउँछन्। खोप लगाउन एक्लै भिर, पाखा, बाढी, पहिरो, असिना पानी, हावा हुन्नरी, हिँउ छिचोल्दै समयमै बालबालिकालाई खोप लगाउँछन्। तर यसरी कार्य गर्ने स्वास्थ्यकर्मी न त कतै पुरस्कृत हुन्छन् न त कुनै विभूषित हुन्छन्। उनीहरुलाई प्रोत्साहन गर्न सकिएको छैन, प्रोत्साहन गर्न सके स्वास्थ्यका सूचक राम्रो भइ स्वास्थ्य सेवामा जनाताले विकसित भएको अनुभव गर्ने थिए।

नेपालको भौगोलिक कठिनाइका कारण सबै सर्बसाधारणको पहुँच स्वास्थ्य संस्थामा पुग्न सकेको देखिँदैन। यस्ता स्वास्थ्य संस्थाको उचित स्थान र तालिम प्राप्त स्वास्थ्यकर्मीको अभाव अहिले पनि धेरै छ। जसका कारण बाटोमा बच्चा जन्माउन बाध्य आमाहरुको दयनीय अबस्था, उनको स्वास्थ्य स्थिति र आमा बच्चाको स्वास्थ्यको सुरक्षा देखिँदैन। यसको उचित व्यवस्थापन नगरेसम्म आमा र बच्चाको लागि भनेर गरिएको अरबौं खर्च बालुवामा जाने देखिन्छ। स्वास्थ्य सेवा यति संवेदनशील हुन्छ कि चाहिएको बेला, चाहिएकै ठाउँमा उचित समय भित्र सेवा नपाए ज्यान जान सक्छ। तर नागरिकता, राहदानी, विवाह दर्ता, जन्म दर्ता, लगायतका सेवाहरु भने भोलि वा आफूलाई सहज भएको दिनमा पनि लिन सकिन्छ। स्वास्थ्य सेवा अचानक लिनु दिनु पार्ने हुन्छ त्यस कारण घर घरमा सिंहदरबार होइन घर घरमा स्वास्थ्य सेवा उपलब्ध गराउनु अहिलेको आवश्यकता छ किनकी कुनै पनि कारण दुर्घटना वा बिरामी परेको मान्छेको उपचार दुई चार दिनपछी गरौंलानी भन्न मिल्दैन। स्वास्थ्य क्षेत्रमा अब नयाँ अवधारणाको थालनी गर्नु पार्ने देखिन्छ। पहाड वा दुर्गम क्षेत्रमा सरकारी तवरबाट स्वास्थ्य सेवामा बढी लगानी गरेर शहरी क्षेत्रमा निजी क्षेत्रलाई लगानी बढाउने अवसर दिनु पर्छ। मतलब विशेषज्ञ अस्पताल र दीर्घ रोगहरुको उपचार गर्ने आस्पतालहरु पहाडतिर र सामान्य उपचार गर्ने स्वास्थ्य संस्थाहरु शहर केन्द्रित हुनु पर्छ जसको कारण तराई वा शहर बजारको कोलाहलबाट टाढा रहेर क्यान्सर लगायत दीर्घ रोगको उपचार स्वस्थ हावापानीमा बसेर उपचार गरेर मुलको पानी खाएर अर्गानिक खाने कुरा खाएर निको भएर तराई वा शहर झरोस्। यसले दीर्घकालीन रुपमा स्वास्थ्य सेवामा सहजता कायम गर्न सकिन्छ।

स्वास्थ्य सेवा विशिष्टकृत भएकाले राज्यले यसलाई अत्यावश्यक सेवाको रुपमा संचालन गर्ने भनिए पनि सोहि अनुसार व्यवस्थापन गर्न सकेको देखिँदैन, अस्पतालमा आउने सेवाग्राही खुसी भएर छिटो छरितो सेवा लिई निको भएर जाने अवस्था कम भई जताततै लाइन र झन्झटिलो अवस्था देखेर दुःखका साथ सेवा लिइरहेको पाइन्छ। यसका लागि संघीय अस्पताललाई खिचडी जस्तो नबनाई प्रत्येक अस्पतालमा आवस्यकता अनुसार जनशक्तिको र स्वास्थ्यकर्मीको भरपुर व्यवस्थापन गरी अत्याधुनिक प्रविधिको प्रयोग गर्दै सहज र सरल ढंगबाट उपचार पाउने स्मार्ट व्यवस्था गर्न सकिन्छ। अस्पतालमा भिडियो एक्स रे, सिटी स्क्यान, एमआरआइ, अपरेसन लगायत स्पेसियल जाँचहरु गर्न कुर्नु नपर्ने व्यवस्थापन गर्न सक्नु पर्छ। यसलाई निजी स्वास्थ्य संस्थालाई समेत प्रोसाहन गर्ने व्यवस्थापन गर्दै जानु पार्ने देखिन्छ। साथै स्वास्थ्य बिमा कार्यक्रमलाई व्यवस्थित गर्दै विस्तार गर्दै लानु पर्ने देखिन्छ। भने सबै स्वास्थ्य बिमाको पहुँच भित्र पर्नु पार्ने देखिन्छ। एउटा बिरामी अस्पताल छिरेपछि त्यसको उपचार निको नहुन्जेल वा रेफर नहुन्जेल सम्पूर्ण काम अस्पताल स्वयम्ले गर्ने गरी व्यवस्थापन गर्नु जरुरी छ। जब बिरामी अस्पतालको इमर्जेन्सीमा पुग्छ अनि टिकट काट्न जानु पर्छ त्यहाँ लाइन हुन्छ, पैसा तिर्न गयो लाइन हुन्छ, रगत दिन गयो लाइन, रिपोर्ट लिन गयो लाइन। जताततै लाइनै लाइनबाट मुक्त नभएसम्म स्वास्थ्य सेवाको दिवसको औचित्य देखिँदैन।

(लेखक नेपाल स्वास्थ्यकर्मी संघका केन्द्रीय सदस्य हुन्।) *स्वास्थ्य खवरबाट साभार*

## उद्योगी, व्यवसायी तथा उपभोक्ता वर्गमा अनुरोध

उपभोग्य वस्तु खरिद बिक्रि तथा उपभोग गर्नुअगाडि देहायका कुराहरुमा ध्यान दिई सचेत उपभोक्ता एवं जिम्मेवार व्यसायीको परिचय कायम गरौं ।

- उद्योगी व्यवसायीहरुले सम्बन्धित निकायमा दर्ता गरेर मात्र उद्योग व्यवसाय सञ्चालन गरौं ।
- उद्योगबाट निस्कने ठोस तरल तथा अन्य फोहरहरुको छुट्टाछुट्टै निर्धारित मापदण्ड बमोजिम व्यवस्थापन गरौं ।
- बिक्रि गर्ने बस्तुहरु समय समयमा निरिक्षण गरी अखाद्य वा म्याद गुज्रेका सामानहरु बिक्रि स्थलमा नराखौं ।
- बिक्रियोग्य बस्तुको आवश्यकता अनुसारको तापक्रममा भण्डारण गर्ने गरौं।
- बिना इजाजत सुर्तिजन्य र मदिराजन्य वस्तुहरुको बिक्रि वितरण नगरौं ।
- औषधी तथा औषधीजन्य पदार्थहरुको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिकाको बारेमा उपभोक्तालाई जानकारी दिने गरौं ।
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्रि गर्नु दण्डनीय अपराध भएको हुँदा त्यस्तो कार्य नगरौं ।
- कारोवार स्थलमा साइनबोर्ड तथा मुल्यसूची स्पष्ट देखिने गरी अनिवार्य रुपमा राख्ने गरौं ।
- उपभोग्य वस्तु खरिद गर्दा अनिवार्य रुपमा बिल बिजक लिने/दिने गरौं ।
उपभोक्ताले कुनैपनि उपभोग्य वस्तु खरिद गर्दा उत्पादन मिति, मुल्य, तौल,
- उपभोग्य मिति, गुणस्तर आदि उल्लेख छ छैन हेरेर मात्र खरिद गरौं ।
- प्लाष्टिकको झोलाको विकल्पमा कपडा वा अन्य झोला प्रयोग गरौं ।
कृत्रिम अभाव श्रृजना गरिएको, कमसल वस्तु बिक्रि वितरण गरेको
- पाइएमा स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, वा घरेलु तथा साना उद्योग कार्यालयमा उजुरी गरौं।
- उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा पाएमा नागरिक खवरदारि गरौं ।

अनुरोधक :
घरेलु तथा सना उद्योग विकास कार्यालय,
खलङ्गा प्यूठान

## सडक डिभिजन कार्यालय प्यूठानको सुचना

प्रस्तुत विषयमा सडक भिभिजन कार्यालयको कार्यक्षेत्र भित्र पर्ने भालुवाङ-चकचके सडक खण्ड अन्तर्गत NH-53 को चेनेज ३७+००० देखि ३८+००० कि.मि. खण्डमा मिति २०७९ पुस २८ गतेदेखि अर्को सुचना नहुँदा सम्मको लागि सडक बिस्तार गर्न गइरहेको हुँदा तपसिलको समयमा सडक बन्द रहने सूचना सम्बन्धित सबैमा सादर अनुरोध गरिन्छ।

**तपसिल :**

१) **स्थान** : भालुवाङ-चकचके सडक खण्ड
२) **चेनेज** : ३७+००० ३८+००० कि.मि.
३) **सडक बन्द हुने समय** :
बिहान ११:०० देखि बेलुका ५:०० बजेसम्म
४) **सडक खुल्ने समय** :
बिहान ८:०० देखि ११:०० बजे र
बेलुका ५:०० देखि ९:०० बजेसम्म

अनुरोधक
सडक डिभिजन कार्यालय, प्यूठान

# लघुवित्तले सदन तातायो

काठमाडौं । लघुवित्त कम्पनीबाट समस्यामा परेका ऋणीका विषयले सदन तातेको छ । लघुवित्त संस्थाले कर्जा असुलीमा ज्यादती गरेको भन्दै ऋणीहरू पछिल्लो समय आन्दोलित भएका बेला बुधवारको प्रतिनिधिसभा बैठकमा यो विषयले प्रवेश पाएको हो । शून्य समय र विशेष समयमा बोल्ने सांसदहरूले विकराल स्थिति आउन नदिन बेलैमा समस्या पहिचान गरी समाधान गर्न सरकारको ध्यानाकर्षण गराए । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले लघुवित्तबाट ऋण लिएकाहरूको समस्या समाधान गर्न आग्रह गरे । शून्य समयमा बोल्दै उनले सबै पक्ष जिम्मेवार भएर यो समस्या समाधान गरिनुपर्ने र यसका लागि राष्ट्र बैंकले तत्काल केही कदम चाल्नुपर्ने बताए । महामन्त्री थापाले भने, ‘अतिन्यून आयका गरीबलाई गरीबीको आहालबाट निकाल्नका लागि काम होला भनेको, कैयौं लघुवित्त संस्थाका कारण गर्दा गरीबहरू थला पर्न बाध्य भएका छन् ।’

थापाका अनुसार अनुचित नाफा कमाउन जे पनि गर्ने लघुवित्त संस्था, तत्कालको गर्जो टार्न जहाँबाट जस्तो भए पनि ऋण लिने ग्राहक र अनुमति दिँदै गर्दा हात फैलाउने तर सुपरिवेक्षण गर्दै गर्दा मुठी कस्ने राष्ट्र बैंकका कारण लघुवित्तमा समस्या आएको हो । समस्यासँगै समाधानको उपाय पनि उनले सुझाएका छन् । ती सुझाव कार्यान्वयन गर्न राष्ट्र बैंकको ध्यानाकर्षण पनि गराए । उनका सुझावमा साँच्चिकै मर्कामा परेकाको राहतका लागि बैंक, वित्तीय संस्थासँग रहेको सीएसआर वा क्लाइन्ट प्रोडक्सन फन्ड प्रयोग गर्ने, बदनियतपूर्वक काम गर्ने लघुवित्तलाई कारबाही गर्ने, एउटा ऋणीले एउटा मात्रै संस्थाबाट ऋण लिन पाउने प्रावधान थपेर राष्ट्र बैंकको निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्ने, सुपरिवेक्षण गर्ने कामलाई तल्लो तहसम्म लिएर जाने, वित्तीय साक्षरतालाई स्थानीय सरकारसँगको साझेदारीमा तल्लो तहसम्म लिएर जानेलगायत बुँदा छन् । विशेष समयमा बोल्दै सांसद सरस्वती बजिमयले गरीबी निवारण र सामाजिक पूँजी परिचालनमा विशेष योगदानका लागि लघुवित्त संस्थाले भूमिका खेल्नुपर्नेमा त्यसो हुन नसकेको बताइन् । ‘जनतालाई गाउँ तहसम्म आफ्नो खुट्टामा आफै उभिने बनाउने उद्देश्यका लागि लघुवित्त स्थापना गरिएका थिए ।

तर, अहिले लघुवित्तका कारण धेरै जनता मारमा परेका छन् । धेरै महिला लघुवित्तका कारण घरबारविहीन हुनुपर्ने अवस्था आएको छ,’ उनले भनिन्। उनका अनुसार लघुवित्तका कर्मचारीले घरघरमा गई लोभ देखाएर मानिसलाई त्यसमा आबद्ध गराएर चर्को ब्याज तथा सेवा शुल्कमा ऋण लिन बाध्य बनाएका छन् । यस्तो समस्या बढ्दै गएर झन् विकराल अवस्था आउन नदिन राष्ट्र बैंकले तत्काल कारबाही थाल्नुपर्ने उनको भनाइ छ । ‘लघुवित्त क्षेत्रलाई नेपाल राष्ट्र बैंकले नियमन र नियन्त्रण गर्न आवश्यक छ । बेलैमा नियन्त्रण गरिएन भने यसले विकराल अवस्था सृजना गर्छ । ब्याजदर घटाउनेतर्फ लागिएन भने समस्या झन् बढ्दै जाने देखिएको छ,’ उनले भनिन् ।

अर्का सांसद लालप्रसाद साँवा लिम्बूले पनि लघुवित्तले ल्याएको समस्यासँगै बैंक तथा वित्तीय संस्थाको चर्को ब्याजदरबारे संसद्मा कुरा उठाए । बैंक तथा वित्तीय संस्थाले गरेको ब्याज वृद्धिका कारण उद्योगी व्यवसायी आन्दोलित हुनुपरेको उल्लेख गर्दै सांसद लिम्बूले यो समस्या समाधानका लागि सरकारले तत्काल कुनै कदम चाल्नुपर्ने बताए । उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकार लघुवित्त वित्तीय संस्थाहरूको समस्या समाधान गर्न गम्भीर भएर लागेको बताएका छन् । बुधवार प्रतिनिधिसभाको बैठकपछि संसद् भवनबाहिर सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै मन्त्री पौडेलले यस्तो



विजय दमासे

बताएका हुन् । उनले सरकारले लघुवित्तमा देखिएका समस्या समाधानका लागि गम्भीर रूपमा सरोकारवालासँग छलफल गरिरहेको बताए । उनका अनुसार विभिन्न चरणमा बैठक बसेर केही महत्त्वपूर्ण निर्णयहरू समेत भइसकेको छ । मन्त्री पौडेलले लघुवित्तको क्षेत्रमा देखिएका समस्याले लघुवित्तका ऋणीहरू प्रभावित हुने अवस्था आएको भन्दै समस्या समाधानका लागि सम्बद्ध निकायले काम थालिसकेको बताए । चाँडै लघुवित्तका समस्या समाधान गर्न सरकारको गम्भीर ध्यानाकर्षण भएको उनको भनाइ छ। ‘लघुवित्तका समस्याबारे ध्यानाकर्षण भएको मात्रै होइन यस विषयमा गम्भीर भएर सरोकारवालासहित बैठक बसेका छौं ।
केही महत्वपूर्ण निर्णयहरू पनि गरेका छौं,’ मन्त्री पौडेलले भने, ‘लघुवित्तको क्षेत्रमा जुन प्रकारको समस्या छ त्यसको कारण खोजेर समाधानका लागि सम्बद्ध निकाय लागिसकेका छन् । त्यसका परिणामहरू निरन्तर आउँछन्,’। उनले सरकारका नीतिगत प्राथमिकता र न्यूनतम साझा कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयगत आधारमा कार्ययोजनाहरू अगाडि बढाएको बताए । उनका अनुसार अर्थतन्त्रमा देखिएका समस्या र चुनौतीको समाधान गर्न सरकार केन्द्रित भइरहेको छ र सरकार उत्पादनका सबै क्षेत्र, निजीक्षेत्रका सरोकार र समस्याहरूलाई समाधान गर्ने दिशामा केन्द्रित रहेको छ ।


## नगर बासीलाई हार्दिक अपिल

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्जवल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।
१२) पालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा व्यवसाय सञ्चालन गरौं ।

अनुरोधक :
प्यूठान नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, बिजुवार प्यूठान



## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्जवल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।

अनुरोधक
झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते प्यूठान, लुम्बिनी प्रदेश



## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्जवल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।

अनुरोधक
नौबहिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाहाने, प्यूठान लुम्बिनी प्रदेश



## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्जवल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।

अनुरोधक
मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खलंगा प्यूठान, लुम्बिनी प्रदेश

## फागुपर्व सभ्य रूपमा मनाऔं ।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं ।
- जवरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रङ दल्ने काम नगरौं ।
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं ।
  हानिकारक र रसायनयुक्त रङको प्रयोग नगरौं ।
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं ।
  गैरकानुनी र उच्छृङ्खल व्यवहार नगरौं ।

चाडपर्वलाई मौलिक रुपमा मनाऔं, सभ्य नागरिकको परिचय दिऔं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

## गाउँपालिका बासीमा अनुरोध

- समयमा उपभोक्ता समिति गठन गरी निर्धारित मितिमा काम सम्पन्न गरौं ।
- प्राविधिक गुणस्तरमा ध्यान दिऔं ।
- वास्तविक लागत सहभागिता गरी योजनाको अपतत्व आफै लिऔं ।
- विकास निर्माणमा सबैले चासो दिउँ र सहभागि बनौं ।
- आफ्नो घर अगाडी नाला तथा ढल सरसफाई गरी सभ्य नागरिकको पहिचान दिउँ ।
- आफ्नो घरबाट निस्कने फोहर व्यवस्थापन गरौं, कुहिने फोहरलाई प्राङ्गारिक मल बनाऔं, नकुहिने फोहरलाई उचित व्यवस्थापन गरौं ।

**अनुरोधक**

**गौमुखी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
लिवाङ प्यूठान, लुम्बिनी प्रदेश

## सडक पूर्वाधार विकास कार्यालय खलंगा प्यूठानको सूचना

१) सडक अतिक्रमण नगरौं, जिम्मेवार नागरिक बनौं ।
२) सडक अतिक्रमण गरी बनाइएका घर टहरा तथा संरचना तत्काल हटाऔं ।
३) सडकमा फोहोर नगरौं, निर्माण सम्बन्धी राखीएका सामग्री यथाशिघ्र हटाऔं ।
४) सडक क्षेत्रमा खाल्डो नखनौं, बिग्रिए मर्मत संभार गरौं, कार्यालयलाई खबर गरौं ।
५) सडक आसपास क्षेत्रमा ढुंगा, बालुवा, गिट्टी, ननिकालौं।
६) सडक क्षेत्रमा डम्पिङ नगरौं, घर बनाउँदा सडक कार्यालयले तोकेको दुरी कायम गरी निर्माण गरौं ।
७) सडक तोडफोड गरे वा बिगारेमा सडक ऐन अनुसार कारवाही हुनेछ ।

विस्तृत जानकारीका लागि सडक
सडक पुर्वाधार विकास कार्यालय खलंगामा सम्पर्क गरौं ।

**अनुरोधक :**
**सडक पूर्वाधार विकास कार्यालय खलंगा, प्यूठान ।**

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।

**अनुरोधक**

**माण्डवी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
जस्पुर प्यूठान, लुम्बिनी प्रदेश

## देहाय बमोजिमका कार्य गर्न, गराउन दण्डनिय हुन्छ ।

वन फाँड्ने, वन क्षेत्रमा खनजोत गर्ने, खनिज उत्खनन् गर्ने, पूर्वाधार तथा घर टहरा बनाउने, व्यवसाय सञ्चालन गर्ने, विना इजाजत राष्ट्रिय वन, निजी वन तथा निजी आवादी समेतका वन पैदावार कटान, संकलन र ओसारपसार गर्ने सबै कार्य अपराध हुन् । यस्ता कार्य गरेमा वन ऐन, २०७६ बमोजिम कैद वा दश लाख रुपैयाँ सम्म जरिवाना हुने व्यवस्था रहेको छ ।

**अनुरोधक : डिभिजन वन कार्यालय खलङ्गा प्यूठान**

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।

**अनुरोधक**

**सरुमारानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बड्डाँडा प्यूठान, लुम्बिनी प्रदेश

## यौन दुराचार जहाँपनि हुन सक्छन् ।
## त्यस्ता दुराचारबाट सजग र सचेत रहौं ।
## आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

लुम्बिनी प्रदेश सरकार
**आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२),
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : भिजन अफसेट प्रेस जस्पुर, प्यूठान